# सूचना

नमोबुद्ध नगरपालिका अर्न्तगत रहेको अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायिमा आधारित कार्यक्रम संचालन तथा अनुगमन समितिको मिति २०७६।१०।१५ गतेको बैठक निर्णय अननुसार यस नगर भित्र अपाङ्गता भएका व्यक्तिहरुका लागि "समुदायमा आधारित पुनर्स्थापना" कार्यक्रम(CBR) नगरपालिकासँग साझेदारी गरी संचालन गर्ने इच्छुक गैर सरकारी सस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न कागजात सहित प्रस्ताव पेश गर्नको लागि सूचित गरिन्छ ।

निम्न

संचालन गर्नु पर्ने कार्यक्रमका क्षेत्रहरु

१ .अपाङ्गता भएका व्यक्तिहरुलाई विधामान कनूनमा व्यवस्था भएका विभिन्न सेवा,सुविधा,अवसर बारे जानकारी दिने,परामर्श दिने र सेवा एवं अवसर प्राप्त गर्न मद्दत गर्ने

२ स्थानिय तहमा तालिम संचालन गर्दा स्थानिय शिक्षक,बुद्धिजिवी,समाजसेवी,स्वयंसेवक लगायतका सरोकारवाला हरुसँग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने

३..अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्वन्धी क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने,

४.अपाङ्गता भएका व्यक्तिहरुको अबिलम्ब पहिचान एवं सेवा,परामर्श,पूर्व तयारी कक्षा संचालन,समाहित शिक्षा,विषेश,शिक्षा तालिम(रोजगार र व्यावसायिक तालिम) स्वास्थ्यपोचार सेवा,स्याहार र रेखदेख सेवा उपलब्ध गराउन,मदत गर्ने गराउने ।

५..अपाङ्गता भएका व्यक्ति,परिवार,स्थानीय निकायका पदाधिकारी समुदायका लागि .अपाङ्गपन निरोध, न्युनकरण एवं उपचारात्मक लगायत सचेतना सम्बन्धी तालिम,कार्यक्रम,गोष्ठी,सभा,अर्तिक्रिया संचालन गर्ने गराउने ,

गैरसरकारी संस्थाहरुले पेश गर्नु पर्ने विवरणहरु ।

(क) सस्थाको विवरण

१ .अपाङ्गताको क्षेत्रमा कार्य अनुभव

२. सस्थामा कार्यरत तलवी कर्मचारी

३. भौतिक पूर्वाधार ।

(ख) संस्थाले दरखास्तसँगै बुझाउनु पर्ने कागाजतहरु

१. .अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागाजात

२. संस्था दर्ता नविकरण,विधान,प्रशासनिक र आथिक नियमावलीको छाँया कपी।

३. समाज कल्याण परिषदको आवद्धता प्रमाण पत्र

४. गत वर्षको वार्षिक प्रतिवेदन तथा लेखा प्रतिवेदन

५. संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्शाउने कागाजात ।